सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय


पत्र संख्या:- २०७६।७७ — १ नं. प्रदेश, नेपाल

चलानी नं. :-

# करार सेवामा स्वास्थ्यकर्मी लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७६।१०।०३)

यस गाँउपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा रही कामकाज गर्ने गरी तपसिलमा उल्लिखित पदमा देहायको संख्या र योग्यता भएका स्वास्थ्यकर्मीहरु करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङको स्वास्थ्य शाखाबाट उपलब्ध हुनेछ ।

## तपसिल

| सि.नं. | विज्ञापन नम्बर | करार सेवामा माग गरिएको पदको नाम | माग पद संख्या | करार अवधि | उपलब्ध गराइने न्युनतम सेवा सुविधा |
|---|---|---|---|---|---|
| १. | १०।२०७६।०७७ | मेडिकल अधिकृत (करार) | १ | लोक सेवा आयोग वा अन्यत्र निकायबाट स्थायी कर्मचारीको व्यवस्थापन नभएसम्म वा कार्यालयले आवश्यक ठानेसम्म । | मेडिकल अधिकृत (अधिकृत आठौं तह) ले पाउने सेवा सुविधा |
| २. | ११।२०७६।०७७ | हेल्थ असिस्टेन्ट (करार) | ६ | "" | सहायक पाँचौं तहले पाउने न्युनतम तलब स्केल । |
| ३ | १२।२०७६।०७७ | स्टाफ नर्स (करार) | १ | "" | सहायक पाँचौं तहले पाउने न्युनतम तलब स्केल । |
| ४ | १३।२०७६।०७७ | अ.हे.व. (करार) | ८ | "" | सहायक चौथो तहले पाउने न्युनतम तलब स्केल । |
| ५ | १४।२०७६।०७७ | अ.न.मी. (करार) | ७ | "" | सहायक चौथो तहले पाउने न्युनतम तलब स्केल । |

**आवश्यक न्युनतम योग्यता :**

१. लोक सेवा आयोगले माथि उल्लिखित पदका लागि निर्धारण गरेको न्युनतम शैक्षिक योग्यता (सो सँग सम्वन्धित सम्पूर्ण कागजातको प्रतिलिपी पेश गर्नुपर्नेछ) ।

२. मेडिकल अधिकृतको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको र अन्य पदको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

३. सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपी ।

४. अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

५. **आवेदन फाराम पाइने स्थान :** गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक वा www.sirijanghamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

६. **आवेदन दस्तुर :** मेडिकल अधिकृतको हकमा रु. १,०००।००, र अन्य पदको हकमा रु. ६००।०० मात्र ।

७. **उम्मेद्वार छनोट गर्ने विधि र प्रकृया :** सिरिजंघा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा उल्लिखित प्रावधान बमोजिम उम्मेद्वार छनोट गरिनेछ ।

थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयका हेल्थ असिस्टेण्ट श्री संजीव सिंह (मोबाइल नं. ९८६२००६२३७) सँग सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत